नगर कार्यपालिकाको २०८०/६/१८ को बैठकबाट मिति २०८०/७/२ र ८ गते आ.व. २०७९/०८० को नगरस्त बार्षिक प्रगति समिक्षा बैठक( गोष्ठी) कार्यक्रम) संचालन गर्ने निर्णय बमोजिम मिति २०८०/७/२ गते नगरपालिकाको सभाहल राइनास नगरपालिकाको आ.व. २०७९/०८० को नगरस्तरीय बार्षिक प्रगति समिक्षा बैठक( गोष्ठी) कार्यक्रमको प्रतिवे निम्नानुसार छ।

| क्र.स. | समिक्षाको विषय क्षेत्र | कार्यक्रम क्रियाकलापहरु | अतिरा | राम्रो | सन्तोष | ठिकै | सुधार गर्नुपर्ने विषय |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यक्रको तयारी प्रस्तुतिको खाका तयारी, पत्राचार, सूचना | नगर कार्यपालिकाको निर्णय बमोजिम कार्यक्रम संचालन गर्न ५ सदस्यिय समिति गठन गरी कार्य कार्यक्रम प्रपोफजल खाका तयार गरि समयमै सवै विषयगत शाखाहरु र सवै वडा कार्यालयहरु, विकासका साझेदार गैसस आदि सवैलाइ प्रस्तुति खाका र पत्राचार गरिएको। लमजुङ जिल्ला बाट प्रदेशसभामा र प्रतिनिधित्व गर्नुहुने प्रदेश सभा सदस्य विशिष्ट व्यक्तित्वज्यू, जिल्ला समन्वय प्रमुखज्यू, डिभिजन वन कार्यालय, सवै वडाका वडा अध्यक्षज्यूहरु, नगर कार्यालिकाका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, नगरस्तरीय राजनैतिक दलका प्रमुख/प्रतिनिधि,वडा सचिवज्यूहरु लाइ उपस्थितिका लागि पत्राचार गरिएको । | ✓ | | | | |
| २ | उपस्थिति र सहभागिता उद्- | समिक्षा/ गोष्ठी कार्यक्रमको नगर प्रमुख खड्ग वहादुर गुरुङ ज्यूको अध्यक्षतामा कार्यक्रका प्रमुख अतिथि प्रदेश सभा सदस्य मा. | ✓ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घाटन र समापन | डा. टकराज गुरुङ ज्यूबाट व्यानर पढेर उद्‌घाटन भयो। र समिक्षा कार्यक्रमको समापन कार्यक्रमकता अध्यक्ष नगर प्रमुखको मन्तव्य सगै समापनको घोषणा बाट भयो । | | | | | |
| ३ | शुभकामना मन्तव्य समापन शत्र मन्तव्य र समय | प्रमुख अतिथि, विशेष अतिथि, अतिथिज्यूहरु, राजनैतिक दलका प्रमुख गरि बाट शुभकामना मन्तव्य र प्रमुख अतिथि, विशेष अतिथि, अतिथिज्यूहरु, राजनैतिक दलका प्रमुखबाट सुझाव सहितको मन्तव्य सहित साझ ६ बजे कार्यक्रम समापन भएको । | ✓ | | | | कार्यक्रमको कार्यसूची बमोजिमको समयमा विशेष ध्यान दिनुपर्ने |
| ४ | आ.ब. ०७९/८० को वार्षिक प्रगति समिक्षा समिक्षा वैठक प्रस्तुतिकरण र समय | मिति २०८०/६/२९ गतेको पूर्व निर्धारित कार्यक्रम तालिका अनुसार संचालन भएको समिक्षा बैठक कार्यक्रममा उद्-घाटन कार्यक्रम ११:०० बजेसम्म भएको र उद्‌घाटन सगै कार्यक्रम प्रस्तुतिकरण सुरु गरिएको । उक्त दिन ६ : ०० बजे सम्म विषयगत शाखा प्रमुख र वडा सचिवहरु बाट Power Point मा प्रगति प्रसतुतिकरण गर्दा अधिकांश प्रस्तुति खाका अनुसार प्रस्तुति भएको । प्रस्तुति समय १० मिनेट निर्धारण गरिएको । कार्यक्रममा प्रमुख अतिथि, अतिथि सहभागि, कर्मचारी र अन्य व्यक्तिहरु गरि १०५ जनाको उपस्थिति र सहभागिता रहेको भएको । | ✓ | | | | आकर्षक स्पष्ट power point बनाउनुपर्ने |
| ५ | प्रस्तुती छलफलमा उठेका सवालहरु र | प्रस्तुति शत्रमा सहभागीहरुबाट अपेक्षा गरिएभन्दा बढी जिज्ञासा, प्रश्न उठेनन् कार्यालयबाट प्रस्तुतिको अन्तिममा समय-समयमा जिज्ञासा र सवाल उठान गरी प्रस्तुतिलाई जिम्मेवार र उत्तरदायी बनाउने कार्य भएको र सुझाव एवं निर्देशन दिइएको । | ✓ | | | | प्रत्येक प्रस्तुति सगै छलफल गर्नुपर्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सुझाव एवं निर्देशन | | | | | | |
| ६ | अति संक्षिप्त प्रगति प्रतिशत संकलन | आ.ब ०७९/८० को वार्षिक बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम सम्पन्न वित्तिय तथा भौतिक प्रगति प्रतिशत विवरण संकलन भएको । | | ✓ | | | सवै शाखा बाट संकलन गर्नु पर्ने |
| ७ | प्रगति समिक्षा बैठकबाट भएको देखिएको ठोस प्रतिफल उपलब्धि र नतिजा | # प्रदेश सभाका सदस्य मानिनिय डा. टकराज गुरुङज्यू, जिल्ला समन्वय समितिका प्रमुखज्यू, डिभिजन वन कार्यालय लमजुङका प्रमुखज्यू को उपस्थिति र सहभागिता भई कार्यक्रमा महत्वपुर्ण व्यावरहरीक अमुल्य सुझाव र निर्देशन पृष्टपोषण प्राप्त भएको ।<br># सहभागिता र महत्वपुर्ण सुझाव तथा पृष्टपोषण प्राप्त<br># सवै विषयगत शाखा प्रमुखहरु, वडा सचिवहरु बाट प्रगति प्रस्तुतिकरण गरिएको<br># त्यसैगरी नगरपालिकाको समग्र ०७९/०८० को वार्षिक बित्तिय प्रगति औषतमा ८८.०६ प्रतिशत देखिएको ।<br># कार्यक्रममा प्रगतिका फोटो तस्विरहरु, समस्या समाधानका प्रयास, उपायहरु, रोजगारी सिर्जना, वेरुजु फछ्र्यौट एवं सम्-परिक्षण सम्बन्धि कार्य र प्रयास, अनुकरणीय एवं नमुनायोग्य कार्यक्रम आयोजनाहरु, क्यूमिलेटिभ प्रगति सहित प्रतिफल उपलब्धि नतिजा सहितका कार्यक्रमहरुको प्रगति देखिएको । | | ✓ | | | वार्षिक भौतिक तथा वित्तिय प्रगि शत प्रतिशत प्रगति बनाउन तत्पर हुने । |
| ८ | अर्थपुर्ण उपस्थिति र सहभागिता | नगर प्रमुख, नगर कार्यपालिकाका सदस्य, नगर सभाका सदस्यहरुको अर्थपूर्ण सहभागिता रहेको। प्रमुख अतिथि, बिशेष अतिथि, जनप्रतिनिधि, राजनैतिक दलका प्रमुख ,कर्मचारी र अन्य | | ✓ | | | राजनैतिक दलका प्रमुख, समाजसेवी, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उपस्थिति गरी ज[illegible]ना १०५ मध्ये महिला ४० जना, पु[illegible]ष ६५ जनाको उपस्थिति भएको। | | | | | बुद्धिजिजीको उपस्थिति र सहभागिता बढाउनु पर्ने |
| ९ | समिक्षा बैठक संचालन व्यवस्थापन | समिक्षा बैठक नगर कार्यपालिकाको सभाहलमा संचालन गरिएको । | ✓ | | | | वसाई व्यवस्थापनमा आफ्नै हल रहेको हलको पिल्लरले केहि असहज बनाएको । |
| १० | सहभागी र आमन्त्रितहरुको सेवा सुविधा | खाजा चियाको व्यवस्था गरिएको । | ✓ | | | | |
| ११ | समिक्षा बैठक गर्ने समय | वार्षिक प्रगति समिक्षा बैठक हरेक आ.ब.मा एकपटक गर्नु पर्ने , आ.ब. शुरु भएको २ महिना भित्र गर्नुपर्नेमा विविध प्राविधिक कारण कात्तिक महिनामा सम्पन्न गरिएको । | | | ✓ | | वार्षिक प्रगति समिक्षा बैठक हरेक आ.ब. भाद्र मसान्त भित्र अनिवार्य गर्नुपर्ने । |

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिनपिप्ले, लमजुङ
गण्डकी प्रदेश,
२०७२

१२ समिक्षा बैठकबाट भएको सिकाई उपलब्धि र आगामि यस्तो कार्यक्रममा सुधार गर्नुपर्ने सुधारको कार्ययोजना

| क्र. स. | सिकाई उपलब्धि | सुधारको कार्ययोजना |
|---|---|---|
| १ | निर्धारित फरमेट ढाँचा अनुसार मात्र प्रगति प्रतिवेदन प्रस्तुत गर्नुपर्ने | निर्धारित ढाँचा अनुसार, पूर्ण सूचना र डाटा सहित तयार गरि प्रस्तुत गर्ने |
| २ | आफ्नो प्रस्तुति, मन्तव्य, सुझाव, निर्देशन, सकेपछी अरुको पनि प्रस्तुति, मन्तव्य, सुझाव, निर्देशन सुन्नु पर्ने | सुरुवात आफैबाट (हरेक सहभागीबाट) नमुना भई सुरु गर्नुपर्ने ।नगर प्रमुख, कार्यपालिका सदस्य, नगर सभा सदस्य, आमन्त्रित अतिथि, नागरिक समाज, पत्रकार, राजनितिक दल, कर्मचारी । |
| ३ | सवै आयोजना र कार्यक्रमको निर्धारित फरमेट अनुसार क्युमिलेटिभ प्रगती सवै शाखा तथा मातहतका कार्यालयले प्रस्तुति गर्नु पर्ने, | निर्धारित ढाँचा फरमेट अनुसार सवै कार्यक्रम र आयोजना अनुसार क्युमिलेटिभ प्रगती प्रस्तुत गर्ने |
| ४ | प्रगति समिक्षा भाद्र मसान्त भित्र आयोजना गर्नुपर्ने । | नगरपालिकाले अनिवार्य निर्णय गरी हरेक आ.ब. समाप्त भएको २ महिना भित्र गर्ने गराउने । |
| ५ | आयोजना तथा कार्यक्रमबाट प्रत्यक्ष लाभग्राही, रोजगारी | सवै शाखा र कार्यालयहरुले निर्धारित ढाँचाको |

| | | |
|---|---|---|
| | संख्या सहित Out put  र Outcome सहितको नतिजा अनिवार्य उल्लेख गर्नुपर्ने | प्रस्तुतीकरणका पूर्ण खाका पूर्ण रुपमा  अध्ययन गरी कार्यान्वयन गर्ने । |
| ६ | अनुकरणीय नमुनायोग्य, असल अभ्यास जस्ता सार्वजनिक खर्च परिक्षण, सार्वजनिक सुनुवाई आदि कार्यक्रमहरु आवश्यकतानुसार देखिएन। | आगामी दिनमा उक्त विषयहरुमा ध्यान दिनुपर्ने । |

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३